# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या: ०७७/०७८
चलानी नं.:- ४४
रोजगार सेवा केन्द्र

जीतपुर, बारा
प्रदेश नं. २, नेपाल


मिति: २०७७/०४/०५

श्री वडा कार्यालय सबै (२४ वटै)

जीतपुरसिमरा उपमहानगरपालिका, बारा

बिषयः न्यूनतम रोजगारीमा संलग्न हुनको लागि दिने निवेदनको म्याद सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस आ.ब. २०७७/०७८ को लागि न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा सहभागी हुन चाहने आ-आफ्ना वडाका बेरोजगारहरुबाट निवेदन भर्नलगाई वडा समितिको निर्णय सहित ती बेरोजगारहरुको सूची तथा सक्कलै निवेदन २०७७/४/३२ गते सम्ममा रोजगार सेवा केन्द्रमा पेश गर्नु हुन अनुरोध छ ।

न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले बेरोजगारको सूचिमा दर्ता हुनको लागि देने निवेदन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूची १ संशोधित बमोजिमको ढाँचा रोजगार सेवा केन्द्रबाट संकल गरि प्रयोग गर्नु हुन अनुरोध छ ।

शहजिकरणको लागि वेरोजगार व्यक्तिको दर्ता प्रक्रिया तपशिल वमोजिम रहेको जानकारीको लागि अनुरोध छ ।

थप जानकारिको लागि सम्पर्क नं. ९८६०५७७२८६, ९८०३७८६४०५ (रोजगार संयोजक)

<u>नोटः पूर्ण विवरण नभएको निवेदनलाई दर्ता नगरिदिनु हुन अनुरोध छ ।</u>

२०७७/०४/०५
रोजगार संयोजक

बेरोजगार व्यक्तिको दर्ता प्रक्रिया

| क्र.स. | बरोजगारी दर्ताको चरण | दर्ता प्रक्रिया क्रियाकलाप | जिम्मेवार निकाय/अधिकारी |
|---|---|---|---|
| १. | सूचना र फारमा वितरण | पालिकाले बेरोजगार व्यक्ति दर्ताका लागि सूचना प्रकाशन गर्ने | प्रमुख प्रशासकीय अधिकृत, रोजगार संयोजक/वडा कार्यालयहरु |
| | | वडा कार्यालयहरुलाई फारम उपलब्ध गराउने | रोजगार संयोजक |
| २. | निवेदन संकलन र प्रशोधन | बेरोजगार व्यक्तिलाई फारम वितरण गर्ने | वडा कार्यालय |
| | | बेरोजगार व्यक्तिलाई फारम भर्न सहयोग गर्ने | वडा कार्यालय |

o/c

☎ ०५३-४१२१७३ jeetpursimarasubmetropolitan@gmail.com

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | प्राप्त निवेदनहरु दर्ता गर्ने | वडा कार्यालय |
| | | प्राप्त निवेदनहरुको सूची तयार गर्ने | वडा कार्यालय |
| | | निवेदनको सूची, सक्कलै निवेदन र वडा समितिको निर्णय सहित रोजगार सेवा केन्द्रमा पठाउने | वडा कार्यालय |
| ३ | छानबिन र स्वीकृति | प्राप्त निवेदनहरुको सूची र सक्कलै निवेदन संकलन गर्ने | रोजगार संयोजक |
| | | निवेदनहरुको अध्ययन गरी देहाय अनुसारको विवरण तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने | रोजगार संयोजक |
| | | बेरोजगार व्यक्तिको सूची र निवेदन उपर रोजगारीको हक सम्बन्धी ऐन, नियमावलीमा उल्लेखित आधारहरु बमोजिम छानविन गर्ने | गाँउपालिका/नगर कार्यपालिकाको कार्यालय |
| | | छानविनबाट विवरण सही र गलत रहेका व्यक्तिहरुको अलग अलगत सूची बनाउने र कार्यपालिका समक्ष पेश गर्ने | प्रमुख प्रशासकीय अधिकृत |
| | | बेरोजगार व्यक्तिको अन्तिम सूचिका सम्बन्धमा आवश्यक छानविन गरी निर्णय गर्ने | गाँउ/ नगर कार्यपालिका |
| ४. | बेरोजगार व्यक्तिको सूचीकरण र सूचना साझेदारी | बेरोजगार व्यक्तिको सम्बन्धमा गाँउ/ नगर कार्यपालिकाबाट स्वीकृत भएका विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ठ गर्ने | रोजगार संयोजक |
| | | अद्यावधिक विवरण अनलनईन मार्फत प्रदेश सामाजिक विकास मन्त्रालय र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पठाउने | रोजगार संयोजक |

नगरपालिकाको कार्यालय, बारा, प्रदेश नं. २, नेपाल

०/८

2066/04/04

रोजगार संयोजक

Scanned with CamScanner